आज मिति २०७३ साल आश्विन ९ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

४. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय द

५ आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

६. खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

७ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

८. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

९. ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी उपाध्यक्ष श्री शंकर गिरी द

**निर्णय :**

**निर्णय नं.१:** यस न. पा. द्धारा खुल्ला दिशामुक्त कार्यक्रमलाई निरन्तरता दिँदै आईरहेकोमा चालु आ. व. २०७३।०७४ को खुल्ला दिशामुक्त कार्यक्रम शिर्षक अन्तर्गत धौलागिरी ईन्टरप्राईजेज, रत्ननगर ८ लाई भुक्तानी दिन बाँकी रहेको शौचालय सामाग्री वापतको बील वमोजिम रकम रु. १,१२,५३२।- (एक लाख बाह्र हजार पाँचसय बत्तिस रुपैया मात्र) सोही शिर्षकमा वजेट थप गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २:** आ. व. २०७३।०७४ को लागि विगत वर्षहरुमा झैं यस वर्षपनि वडादशैं तथा शुभ दिपावलीको अवसरमा सडक वत्ति मर्मत सम्भार अभियान गर्ने क्रममा नेपाल सरकारबाट १०० वाटको चिम प्रतिवन्धित गरेको र CFL र LED चिम र छाप्री सहित मर्मत गर्दा न. पा. लाई अत्यधिक आर्थिक व्ययभार पर्न गई न. पा. को प्रशासनिक खर्च बढ्न जाने देखिएकोले हाललाई सो कार्य स्थगित गरी उल्लेखित सामानहरु उपलव्ध हुने स्थानमा माग भैआएमा फिल्डमा ईलेक्ट्रिसियनहरु सहित हेल्पर पठाउने निर्णय गरियो ।